हार्दिक अभिवादन

**गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाअध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, गाउँकार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुख ज्यूहरु, उपस्थित सम्पुर्ण कर्मचारी, पत्रकार, सुरक्षाकर्मीज्यूहरु,**

त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको २१ औं अधिवेशनमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। वि.सं. २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमार्फत हामीलाई अमूल्य मतदान गरी निर्वाचित गर्नुहुने आदरणीय त्रिपुरासुन्दरी गाउँपालिकाबासी आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरू लगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु। यस ऐतिहासिक अवसरमा म नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, नागरिक स्वतन्त्रता र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका विभिन्न जनआन्दोलनहरूमा आफ्नो अमूल्य जीवन आहुति दिनुहुने महान् सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। हाम्रो ४ वर्षे कार्यकालमा त्रिपुरासुन्दरी गाउँपालिकामा स्थानीय सरकारको हैसियतबाट हामीले विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरू सफलतापूर्वक सम्पादन गरेका छौं। मूलतः यस अवधिमा विगतदेखि सञ्चालित आवश्यक कर्यक्रमको निरन्तरता र सोको यथासिघ्र कार्य सम्पन्न गर्ने कुरालाई जोड दिंदै थुप्रै नवीन, सिर्जनात्मक र सुशासनका लागि अपरिहार्य मानिने योजना तथा कार्यक्रमहरूको सुरुवात गरिएको छ। गाउँ सभा, गाउँ कार्यपालिका, विषयगत समिति, विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूबाट सम्पादन गर्नुपर्ने काम-कारबाहीलाई थप प्रभावकारी, उत्तरदायी र जनमुखी बनाउन विशेष प्राथमिकता दिइएको छ।

त्रिपुरासुन्दरी गाउँपालिकाको समग्र विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक-अधिकारको प्रयोग गर्दै कानुनी रूपमा निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी पूर्ण रूपमा प्रतिबद्ध छौं। गाउँपालिकाको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नु हाम्रो पहिलो कर्तव्य हो। पर्यटन तथा कृषि यस गाउँपालिकाको आर्थिक रूपान्तरणको मुख्य सम्भावनाको क्षेत्र हो भने सुरक्षित सहरीकरणको सहजीकरण तथा सुव्यवस्थापन गाउँपालिकाले विशेष सुधार गर्नुपर्ने क्षेत्रका रूपमा पहिचान गरिएको छ।

सेवाग्राहीले सरल, सहज र छिटो-छरितो तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न स्थानीय प्रशासनमा सूचना र प्रविधिको उच्चतम प्रयोगलाई अनिवार्य बनाइनेछ। आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट मात्रै हामीले अख्तियार गरेका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सम्भव हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरूको भौतिक तथा संस्थागत क्षमता विकास, स्रोत साधनमा वृद्धि र प्रणालीगत सुधार गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ।

नागरिकको स्वास्थ्य अधिकारलाई सर्वोच्च प्राथमिकता दिँदै गाउँपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा र निःशुल्क उपचार अभियानलाई गौरवपूर्ण रूपमा अगाडि बढाएको छ। जस अन्तर्गतः महिला स्वास्थ्यलाई उच्च प्राथमिकता दिँदै विगतदेखि सञ्चालित अभियान अन्तर्गत यस आर्थिक वर्षमा आङ खसेका १२ जना विपन्न तथा प्रभावित महिला दिदीबहिनीहरूलाई शिर मेमोरियल अस्पतालमा निःशुल्क सफल उपचार गराइएको छ। यस कल्याणकारी कार्यक्रमबाट हालसम्म कुल १०४ जना महिलाहरू प्रत्यक्ष रूपमा लाभान्वित भई पुनर्जीवन प्राप्त गरिसकेका छन्। यो कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

नागरिकको आँखाको सुरक्षाका लागि पालिका स्तरमै विशेषज्ञ चिकित्सकहरूद्वारा निःशुल्क आँखा शिविर सञ्चालन गरि यसै आर्थिक वर्षमा मात्रै ६४ जना नागरिकको सफल मोतिविन्दुको शल्यक्रिया गरिएको छ भने हालसम्म कुल १६० जना नागरिकले निःशुल्क आँखाको ज्योति प्राप्त गरिसकेका छन्। त्यस्तै मुटुरोगीका लागि औषधि सेवन गर्नुपर्ने ७७ जना मुटुरोगी नागरिकहरूलाई गाउँपालिकाको तर्फबाट नियमित रूपमा निःशुल्क औषधि तथा स्वास्थ्य उपचार सेवा निरन्तर प्रदान गरिरहेको छ। यो सेवालाई थप विस्तार गरी लक्षित वर्गसम्म पुऱ्याइनेछ।

गाउँपालिकाबासीलाई ठुला र जटिल रोगको उपचारमा सहुलियत प्रदान गर्न त्रिपुरासुन्दरी गाउँपालिका र काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेड (KMC) बीच ऐतिहासिक सम्झौता सम्पन्न भएको छ। यस सम्झौतापश्चात् गाउँपालिकाका नागरिकहरूले काठमाडौं मेडिकल कलेजमा विभिन्न विशेषज्ञ स्वास्थ्य उपचार सेवाहरूमा २५ प्रतिशत सहुलियत प्राप्त गर्नेछन् भने तत्काल राहत स्वरूप यसै असार मसान्तसम्म उपचार गराउनुपर्ने नागरिकहरूका लागि ५० प्रतिशत सहुलियत शुल्कमा उपचार सेवा प्राप्त गर्ने विशेष व्यवस्था मिलाइएको छ।

शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, सूचना प्रविधि, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाइ, विपद् व्यवस्थापन, र न्याय निरूपण जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष परिमार्जित नीति तथा कार्यक्रमहरू प्रस्ताव गरिएको छ। "कृषि, पर्यटन र उद्यमबाट सुख, समृद्धि र संस्कृतिमय त्रिपुरासुन्दरी गाउँपालिका" निर्माण गर्ने हाम्रो अटुट सङ्कल्प, समस्त त्रिपुरासुन्दरीबासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा आदरणीय मतदाताहरू समक्ष अभिव्यक्त गरेका प्रतिज्ञाहरू पूरा गर्ने दिशामा आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमलाई पूर्ण रूपमा अभिमुख गरिएको छ।

यसका लागि दिगो विकासका राष्ट्रिय लक्ष्यहरू (SDGs) को स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माणसहित स्थानीय स्रोत, साधन र सीपको पहिचान तथा परिचालन गरिनेछ। समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकासमार्फत त्रिपुरासुन्दरीबासीको समृद्धि हासिल गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी (PPCP) मोडेलमा विकासका कार्यहरू अगाडि बढाइनेछ। गाउँपालिका भित्रका सबै वडाहरूमा वडा भेलाको आयोजना गरी लोकतान्त्रिक पद्धति अनुरुप नागरिकको राय, सल्लाह, सुझाव र सहमतिका आधारमा वडाहरूको सन्तुलित विकासलाई मध्यनजर

राखी योजनाहरू छनोट भई आएका छन्। सीमित स्रोत र साधनका बाबजुद जनआकाङ्क्षाका सबै योजनाहरूलाई सतप्रतिशत सम्बोधन गर्न कठिन भएतापनि अधिकांश जनपक्षीय योजनाहरूमा प्राथमिकीकरण गरी स्रोत व्यवस्थापन गरेका छौ।

गाउँपालिकाको यो बजेट, नीति तथा कार्यक्रम तयार गर्दा राज्यका निर्देशक सिद्धान्तहरू, राष्ट्रिय योजना आयोगको मार्गदर्शन, नेपाल सरकारको नीति, अर्थ मन्त्रालयको मार्गनिर्देशन, नेपाल सरकारले कार्यान्वयनमा ल्याएको सोह्रौं योजना, दिगो विकासको लक्ष्य, क्षेत्रगत र राष्ट्रिय नीतिहरू, आवधिक पञ्चवर्षीय योजना, यस गाउँपालिकाको विगतका गाउँ सभाका निर्णयहरू एवं त्रिपुरासुन्दरी गाउँपालिका भित्रका बुद्धिजीवीहरू, समाजसेवीहरू, उद्योग व्यवसायी तथा राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरूको रचनात्मक सल्लाह र सुझावहरूलाई मुख्य आधार बनाइएको छ। यो नीति तथा कार्यक्रमले राज्य तथा यस गाउँपालिकाले लिएको दूरगामी उद्देश्य पूरा गर्नेछ भन्ने कुरामा हामीले पूर्ण विश्वास लिएका छौं।

अन्त्यमा, आगामी आर्थिक वर्षको लागि प्रस्तावित यस नीति तथा कार्यक्रमको वस्तुनिष्ठ र प्रभावकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी दाजुभाइ, दिदीबहिनीहरू, कर्मचारी मित्रहरू, सञ्चारकर्मी, तथा सम्पूर्ण पेसा र व्यवसायमा आबद्ध महानुभावहरूको निरन्तर सहयोग, समन्वय र सहकार्य रहनेछ भन्ने कुरामा म पूर्ण रूपमा विश्वस्त छु।

## आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

### शिक्षा सम्बन्धी नीतिः

१. स्थानीय सरकारले आधारभुत तथा माध्यमिक विद्यालयसँग सम्बन्धित संविधानबाट प्राप्त अधिकारको कार्यान्वयन गर्ने उद्देश्यले स्थानीय आवश्यकता तथा प्राथमिकतामा आधारित स्थानीय शिक्षा योजनालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

२. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई तथ्यपरक, अद्यावधिक, विश्वसनीय तथा प्रमाणमा आधारित बनाइनेछ।

३. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ को पूर्ण कार्यान्वयनका लागि गाउँपालिका क्षेत्रभित्रका सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँचमा ल्याइ विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान, भर्ना, पूनःभर्ना, तथा निरन्तर सिकाइ सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४. अपाङ्गता, विशेष आवश्यकता भएका, विपन्न, दलित, जनजाती, सिमान्तकृत समुदाय तथा अन्य जोखिममा रहेका बालबालिकाको शिक्षामा समान पहुँच र सहभागीता सुनिश्चित गरिनेछ।

५. प्रारम्भिक बालविकास तथा शिक्षा लाई विद्यालय शिक्षाको आधारस्तम्भका रुपमा विकास गर्दै बालविकास केन्द्रहरुको गुणस्तर सुधार, बसाइ तथा सिकाइ कुनाको व्यवस्थापन र शिक्षक क्षमता विकासमा जोड दिइनेछ।

६. शिक्षक, प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरुको क्षमता विकास गर्दै विद्यालय सुशासन, नतिजामुखी व्यवस्थापन तथा जवाफदेहिता प्रणालीलाई सुदृढ गरिनेछ।

७. विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्दै डिजिटल सिकाइ, प्रविधिमैत्री शिक्षण तथा डिजिटल शैक्षिक सामग्रीको उपयोगलाई प्रोत्साहन गरिनेछ।

८. शैक्षिक क्षेत्रको गुणस्तर अभिवृद्धि गर्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र साझेदारी गरी गुणस्तरीय शिक्षाको अभियानलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।

९. स्थानीय कृषि उपजमा आधारित दिवा खाजालाई प्रवर्द्धन गरि विद्यार्थीलाई पोषिलो र ताजा दिवा खाजा उपलब्ध गराउन कक्षा ८ सम्म सञ्चालित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिँइनेछ।

१०. ई-लर्निङ, डिजिटल सिकाइ सामग्री र कृत्रिम बुद्धिमतामा आधारित सिकाइ प्रणालीको शुरुवातका लागि विद्यालयमा आवश्यक पूर्वाधारको विकास गरिनेछ।

**युवा तथा खेलकुद सम्बन्धी नीति :**

११. प्रत्येक वडामा आवश्यक खेलमैदान, बहुउद्देश्यीय खेलकुद संरचना तथा खेल सामग्रीको व्यवस्थापन गरी युवाहरूलाई खेलकुद गतिविधिमा सहभागी हुन प्रोत्साहित गरिनेछ ।

१२. युवाहरूको नेतृत्व क्षमता, सामाजिक उत्तरदायित्व तथा समुदाय विकासमा सहभागिता अभिवृद्धि गर्न युवा क्लब सशक्तीकरण, स्वयंसेवा कार्यक्रम तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**स्वास्थ्य सम्बन्धी नीतिः**

१३. आधारभूत स्वास्थ्य सेवा सबै सहजै उपलब्ध गराउनका लागि वडा वडामा संचालित सामुदायिक स्वास्थ्य सेवा इकाई लाइ निरन्तरता दिइनेछ ।

१४. अध्यक्षसँग जनता स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१५. अत्यावश्यक औषधिहरु नियमित रुपले सबै संस्थाहरु मार्फत जनताको पहुचमा पुर्याउनेछ ।

१६. आमा सुरक्षा कार्यक्रम उतरप्रसुती सेवा लाइ प्राथमिकता दिंदै उपध्यक्ष आमा बचाउ अभियानलाई दिईनेछ ।

१७. स्वास्थ्य उपचारमा सहज पहुचका लागि बिमा कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।

१८. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दिर्घ रोगीको स्वास्थ्य अवस्था लाइ ध्यानमा राखी शिविर संचालन गरि उपचार गराउनका साथै सहयोग उपलब्ध गराइनेछ ।

१९. मुटु रोगीलाई नियमित खाने औषधि आपूर्ति कार्यलाइ निरन्तरता दिइनेछ ।

२०. स्वास्थ्य संस्थालाई सबल तथा प्रभावकारी सेवा प्रवाह गर्नका लागि उचित प्रवन्ध मिलाइनेछ ।

२१. पूर्ण खोप, पूर्ण सुरक्षित खानेपानी पालिका तथा घरमा हुने सुत्केरी (होम डेलिभरी) मुक्त पालिका घोषणाका लागि आवशयक रणनीति अपनाउदै नवीनतम कार्य गरिनेछ ।

**पोषण सम्बन्धी नीतिः**

२२. बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष्य अनुरूप महिला तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, कृषि तथा पशुपंक्षी, महिला तथा बालबालिका, र सुशासन क्षेत्रबीच समन्व गर्दै बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरी पोषणमैत्री स्थानीय शासन प्रणाली सुदृढ गरिनेछ।

२३. बहुक्षेत्रीय पोषण योजना तेस्रोको उद्देश्य प्राप्त गर्ने गरी गर्भवती तथा सुत्केरी महिला, किशोरी र पाँच वर्षमुनिका बालबालिकालाई लक्षित पोषणसम्बन्धी सेवा, पोषणयुक्त खाद्य उत्पादन, खाद्य सुरक्षा तथा सामाजिक सुरक्षा कार्यक्रमलाई कृषि, स्वास्थ्य र सामाजिक संरक्षण क्षेत्रसँग एकीकृत गरी विस्तार गरिनेछ।

२४. कुपोषण न्यूनीकरणका लागि सुरक्षित खानेपानी, सरसफाइ, स्वच्छ व्यवहार, स्तनपान तथा बाललिकाको खानपान सम्बन्धी सकारात्मक व्यवहार परिवर्तन अभियानलाई स्वास्थ्य, WASH, सञ्चार तथा सामुदायिक क्षेत्रको साझेदारीमा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

२५. बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा स्रोत व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय सुदृढ गर्दै विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज तथा समुदायको सहकार्यमा दिगो पोषण प्रणाली विकास गरिनेछ।

**प्रशासन तथा योजना सम्बन्धी नीतिः**

२६. गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरूको कार्यबोझका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरी दरबन्दी मिलान गरिनेछ ।

२७. प्रशासनिक क्षेत्रमा सदाचार र सेवाग्राही सन्तुष्टिलाई उच्च प्राथमिकता दिइनेछ।

२८. कर्मचारीहरूको नियमितता र सेवा प्रवाहको स्तरलाई वस्तुगत रूपमा मूल्याङ्कन गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको नीति लिइनेछ।

२९. वडास्तरीय योजनाहरु टोल विकास समिति मार्फत र पालिकास्तरीय योजनाहरु उपभोक्ता समिति मार्फत कार्यन्वयन गरिनेछ जुन उपभोक्ता समिति गठन प्रकृयामा पालिका अध्यक्ष वा अध्यक्षले तोकिएका प्रतिनिधिको उपस्थिति अनिवार्य गरिनेछ ।

**उद्यम विकास सम्बन्धी नीतिः**

३०. बेरोजगार युवाहरुलाई स्वदेशमै स्वरोजगार बनाउन प्राविधिक सिप विकास तालिमहरु दिइ दक्ष जनशक्ति तयार गरिनेछ ।

३१. अल्पसंश्यक, सिमान्तकृत समुदायहरुको आर्थिक सशक्तिकरण तथा उत्थानका लागि प्रदेश र संघिय सरकासँगको साझेदारीमा उद्यमशीलता, सिप विकास तथा बजारिकरणको क्षेत्रमा कार्यक्रम गरिनेछ ।

३२. गाउँपालिकाको कृषक, उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको लेवलिङ्ग, प्याकेजिङ्ग, ब्राण्डिङ तथा बजारिकरण गर्न सहजिकरण गरिनेछ ।

३३. रुग्ण तथा भइरहेको उद्यम व्यवसायहरुको पुनः सञ्चालन, सुधार र विस्तारको लागि प्रविधिमा पहुँच पुऱ्याइनेछ ।

३४. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरि लागत साझेदारीमा कार्यक्रमलाई व्यवस्थित बनाई कार्यन्वयन गरिनेछ ।

३५. ५ वर्ष भन्दा बढि समय देखि नविकरण नगरिएका उद्योग व्यवसायहरुलाई विषेश छुटको व्यवस्था गरि नविकरण गर्ने व्यवस्था मिलाइनेछ।

**आर्थिक प्रशासन सम्बन्धी नीति**

३६. विद्यमान करको दरमा पुनरावलोकन गरी करको दायरा विस्तार गर्दै आन्तरिक आयोस्रोत बृद्धि गरिनेछ।

३७. आर्थिक राजश्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाई आर्थिक कारोबारलाई पारदर्शी, नतिजामुखी तथा सूचना प्रविधिमा आधारित बनाईनेछ ।

३८. एकीकृत कर प्रणाली सेवा सञ्चालन गरी गाउँपालिकाबाट स्थायी लेखा नम्बर दर्ता तथा करदाता सम्बन्धी सेवा प्रभावकारी कार्यान्वयनमा ल्याईनेछ ।

३९. गाउँपालिकाको आर्थिक वृद्धि र विकासका लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा उत्पादन एवं रोजगारी सिर्जना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

४०. बजेट विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र वित्तीय अनुशासन कायम गर्दै अनुत्पादक चालु खर्चमा कटौती गरी गाउँपालिकाको सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ ।

४१. विद्युतीय खरिद प्रणालीलाई क्रमशः अनिवार्य गर्दै लगिने नीति लिईनेछ ।

४२. आर्थिक सहायता वितरण प्रणालीलाई थप पारदर्शी बनाई लक्षित वर्गले अधिक लाभ हासिल गर्न सक्ने व्यवस्था गरिनेछ ।

**राष्ट्रिय रोजगार प्रवर्द्धन सम्बन्धी नीतिः**

४३. गाउँपालिका भित्र आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान एंव रोजगार सम्बद्ध सेवा तथा सरोकारवालाहरुको नक्साङ्कन गरिनेछ ।

४४. निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसरहरु सिर्जना गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु सञ्चालन गरी निर्माण क्षेत्रसंग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गरी स्थानीय श्रम बजारमा आपूर्ति गरिनेछ ।

४५. स्थानीय तहमा नयाँ पर्यटन क्षेत्रको पहिचान, विकास र विस्तार गरी पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्न होटेल व्यवसाय, होमस्टे, अतिथि सत्कार जस्ता विषयसंग सम्बन्धित सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरी रोजगारी सिर्जना गरीनेछ ।

४६. रोजगारीको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार, सिप तथा उद्यमशीलता केन्द्रबाट एकीकृत श्रम तथा रोजगारमुलक सेवा उपलब्ध गराईनेछ ।

४७. वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग, स्वास्थ्य उपचार, राहत, उद्दार लगायतका आर्थिक सहायता सम्बन्धी सेवाहरु प्राप्त गर्न सहजिकरण गरिनेछ ।

४८. वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिमा सहजिकरण गरिनेछ ।

४९. वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई बचत गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

**विपद् व्यवस्थापन सम्बन्धी नीतिः**

५०. विपद् पूर्व तयारी प्रतिकार्य योजना (DPRP) तयार गरी लागु गरिनेछ ।

५१. स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन तथा जनचेतना अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५२. विपद्को समय अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामाग्रिहरुको व्यवस्थापन गर्ने तथा प्रतिकार्यको लागि स्वयंसेवकहरु परिचालन गरिनेछ ।

५३. पूर्वतयारी तथा प्रतिकार्यको लागि सरकारी,गैर सरकारी , निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरुसँग सहकार्य र समन्वय गरिनेछ ।

५४. स्थानीय अपतकालिन कार्यसञ्चालन केन्द्रको स्थापना गरीनेछ ।

**सूचना प्रविधि सम्बन्धी नीतिः**

५५. गाउँपालिकाका सबै वडाहरू, स्वास्थ्य चौकी तथा शैक्षिक संस्थाहरूलाई उच्च गतिको इन्ट्रानेट माध्यमबाट जोडी पालिकाको आफ्नै केन्द्रीय सर्भरमा एकीकृत तथ्याङ्क व्यवस्थापन गरिनेछ।

५६. गाउँपालिकाको सूचना, दस्तावेज तथा अभिलेख व्यवस्थापनलाई सुरक्षित राख्न आफ्नै अत्याधुनिक सूचना तथा अभिलेख केन्द्र (Data & Record Center) स्थापना गरी एकीकृत तथ्याङ्क सङ्कलनमा एकरूपता ल्याइनेछ।

५७. डिजिटल दस्तावेज व्यवस्थापन प्रणाली (DMS) लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याई 'कागजरहित कार्यालय' (Paperless Office) को अवधारणालाई बढावा दिइनेछ।

५८. पालिकाका सेवा र सूचनाहरू अनलाइन मार्फत प्रसारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सिफारिस लगायतका सेवा सुविधाहरूलाई क्रमशः पूर्ण विद्युतीय प्रणालीबाट उपलब्ध गराइनेछ।

५९. गाउँपालिका तथा वडा कार्यालयहरुमा प्रविधिमैत्री सेवाका लागि डिजिटल स्मार्ट बोर्ड र डिजिटल नागरीक बडापत्रको व्यस्थापन र सुदृढीकरण गरिनेछ ।

६०. सरकारी कामकाजको वैधानिकता र सुरक्षाका लागि डिजिटल हस्ताक्षरको प्रयोगलाई चरणबद्ध रूपमा अनिवार्य कार्यान्वयन गरिनेछ।

६१. साविकको इ-हाजिर प्रणालीलाई परिमार्जन गरी पालिका र मातहतका सबै कार्यालयहरू समेट्ने गरी एकीकृत हाजिर व्यवस्थापन प्रणालीमा रूपान्तरण गरिनेछ।

६२. पालिकाका सरकारी वेबसाइट, डाटाबेस र अनलाइन प्रणालीहरूलाई साइबर आक्रमणबाट जोगाउन नियमित साइबर सुरक्षा अडिट गरिनेछ।

**सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति :**

६३. स्थानीय सरकार लोकतन्त्रको आधार भन्ने मुल नारालाई व्यवहारमा रुपान्तरण गर्न गाउँपालिकाबाट प्रदान गर्ने सेवालाई छिटो, छरितो, पारदर्शी, गुणस्तरीय र सेवाग्राहीमैत्री बनाइनेछ ।

६४. आन्तरिक नियन्त्रक प्रणालीको तर्जुमा गरि कार्यन्वयनमा ल्याईनेछ।

६५. गाउँपालिका र मातहतका कार्यालयको प्रशासनिक कागजात र अभिलेख व्यवस्थापन सुरक्षित, व्यवस्थित र पहुँचयोग्य बनाई डिजिटलाईज्ड बनाउँदै लगिनेछ।

६६. हालसम्म निर्माण भएका ऐन, कानुनहरुलाई संकलन गरि स्थानीय कानुन संग्रह प्रकाशन गरिनेछ ।

६७. साना तथा टुक्रे प्रकृतिका योजनाहरु छनौटलाई कम गरि दिर्घकालिन र ठुला योजनाहरुलाई प्राथमिकता दिइनेछ।शुरु गरिएका र हालसम्म सम्पन्न नभएका योजनाहरुलाई यसै वर्ष सम्पन्न गर्ने नीति लिइनेछ ।

६८. योजनाको स्पष्ट उद्देश्य,प्रतिफल तथा सुचकहरु निर्धारण गरि अनुगमन तथा निरीक्षण प्रणालीलाई व्यवस्थित बनाईनेछ।

६९. गाउँपालिका अन्तर्गत सबै कार्यालयहरुमा दरबन्दी अनुरुप कर्मचारी पदपूर्ति गरि सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक पूर्वाधार, ईन्टरनेट प्रणाली र व्यवस्थापन सूचना प्रणालीको विकास गर्दै विभिन्न गोष्टी, सेमिनार तथा अभिमूखिकरण तालिम सञ्चालन गरिनेछ ।

**राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सम्बन्धी नीति**

७०. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई सहज हिसाबले भत्ता वितरण गर्न सम्बन्धित बैंक,प्रहरी चौकी सँग समन्वयगरी वडाका विभिन्न स्थानहरुबाट नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रबन्ध मिलाईनेछ ।

७१. सेवाग्राहीहरुलाई छिटोछरितो सेवा प्रदान गर्नको साथै व्यक्तिगत घटना दर्ताको पुरानो अभिलेख नष्ट हुन नदिन अनलाईन व्यक्तिगत घटना सुरु हुनुपुर्वका घटना दर्ता किताबहरुको डिजिटाइजेशन गर्ने कार्य गरिन्छ ।

७२. सेवाग्राहीहरुको लागि राष्ट्रिय परिचयपत्र सहज रुपमा लिनका लागि वडा कार्यलयबाट पनि सेवा प्रवाह गरिनेछ ।

७३. सेवाग्राहीहरुको सहजका लागि राष्ट्रिय परिचयपत्र बनाउन जिल्ला प्रशासन कार्यालय चौतारा जानुपर्ने झन्झटिलो कार्यको अन्त्य गर्न जिल्ला प्रशासन कार्यालय,पञ्जिकरण विभाग र नजिकको स्थानीय तहसँग समन्वयन गरी राष्ट्रिय परिचयपत्र सेवा इकाई स्थापना गरी सेवा प्रवाह गरिनेछ ।

**कला संकृति सम्बन्धी नीति**

७४. गाउँपालिकाको त्रिपुरासुन्दरी भगवती र लट्टेश्वर महादेव मन्दिरमा वार्षिक रुपमा नित्य पूजा संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

७५. विभिन्न जातिय संस्कृत झल्कने धार्मिक धरोहरहरु विकास गरिनेछ ।

**वातावरण सम्बन्धी नीतिः**

७६. "वृक्षारोपण गरौः वन जोगाऔ" भन्ने अभियान संचालन गर्दै बाढी पहिरो तथा भुक्षय सम्भावित क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

७७. सामुदायिक वनमा हुने चोरी निकासी र अनावश्यक रुख कटानलाई नियन्त्रण गर्न गाउँपालिकाले नियमनकारी गरिनेछ ।

**पूर्वाधार विकास सम्बन्धी नीति**

७८. वार्षिक बजेट तथा कार्यक्रमलाई कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

७९. विकास प्रक्रियालाई दिगो, भरपर्दो र वस्तुपरक बनाउन संचालित योजना तथा कार्यक्रमको अनुगमन एवं मुल्यांकन पद्धतिलाई नतिजामूलक बनाइनेछ ।

**आयुर्वेद सम्बन्धी नीतिः**

८०. यस गाउँपालिकाक्षेत्र भित्र रहेका बहुमुल्य जडिवुटीको पहिचान गरि त्यसता जडिवुटीको रोपण एवं उत्पादान गर्न तर्फ कृषकहरुलाई प्रोत्साहन गरि आर्थिक आय आर्जन गर्ने तर्फ जोड दिईनेछ।

८१. यस गाउँपालिकामा नै उत्पादन हुने जडिबुटीलाई विषेश प्राथमिकता दिई त्रिपुरासुन्दरी गाउँपालिकाको औषधालयबाट नै औषधी निर्माण गरी सेवा सञ्चालन गर्ने तर्फ विषेश ध्यान दिईनेछ।

८२. महामारीको रुपमा फैलिने विभिन्न रोगहरु विरुद्ध लड्ने क्षमता विकास गराउन आयुर्वेद औषधिको विषेश प्रयोग तर्फ जोड दिईनेछ।

८३. व्यवसयिक जडिवुटी खेति एवं जडिवुटिको बजार व्यवस्थापनमा यस गाउँपालिकाले नै सहयोग गरी यहांका तमाम नागरिकको आर्थिक विकाश गर्न नीति लिइनेछ।

**कृषि विकास सम्बन्धी नीतिः**

८४. नागरिकलाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्न निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै व्यावसायिक कृषिको प्रवर्द्धन गरिनेछ। खाद्यान्न, तरकारी, फलफूल, पशुपन्छी तथा मत्स्य उत्पादनमा यस गाउँपालिकालाई क्रमशः आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ।

८५. नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) सँगको सहकार्यमा नवीनतम अनुसन्धानमा आधारित उन्नत तथा जलवायु-अनुकूल कृषि प्रविधिको विस्तार गरिनेछ।

८६. कृषि यान्त्रीकरण तथा आधुनिकीकरण कार्यक्रम सञ्चालन गरी कृषि उत्पादन लागत न्यूनीकरण तथा उत्पादकत्व वृद्धि गर्न मिनी टिलर, स्प्रेयर, मल्टिक्रप थ्रेसर, कम्बाइन मिल लगायतका कृषि औजार तथा उपकरण वितरण गरिनेछ।

८७. एकीकृत शत्रुजीव व्यवस्थापन तथा जैविक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गरिनेछ, जैविक विषादी, जैविक मल, जस्ता जैविक सामग्रीहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

८८. मौरीपालन तथा मह व्यवसाय प्रवर्द्धनका लागि "एक घर एक मौरी घार" कार्यक्रम सञ्चालन गरी मौरी घार तथा आवश्यक सामग्री वितरण गरिनेछ।

८९. च्याउ खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी कृषकहरूलाई च्याउ खेती सम्बन्धी तालिम तथा आवश्यक सामग्री उपलब्ध गराइनेछ।

९०. प्रत्येक वडामा सम्भाव्य बालीको आधारमा कृषि पकेट क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गरिनेछ। साथै, निजी तथा बाँझो जमिनमा फलफूल, तरकारी, मसला तथा नगदेबाली खेती विस्तार गरिनेछ।

९१. बाँदर लगायतका जंगली जनावरबाट हुने बाली क्षति न्यूनीकरण गर्न प्याज, लसुन, अदुवा, बेसार, टिमुर, कागती, अकबरे खुर्सानी तथा अन्य नगदेबालीहरूको खेती विस्तारलाई प्रोत्साहन गरिनेछ।

९२. अलैची, अदुवा, बेसार, टिमुर, लसुन, प्याज तथा अकबरे खुर्सानी लगायतका मसला बालीहरूको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

९३. मौसमी तथा बेमौसमी तरकारी खेती विस्तारका लागि बीउ, बिरुवा तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ। व्यवसायिक कृषकहरूलाई प्लास्टिक टनेल, प्लास्टिक घर, थोपा सिँचाइ प्रणाली तथा अन्य आवश्यक सामग्री वितरण गरिनेछ।

९४. कृषि उपज संकलन केन्द्र स्थापना गरी उत्पादनको संकलन, ग्रेडिङ, प्याकेजिङ, ब्रान्डिङ तथा बजारीकरणमा सहयोग गरिनेछ। साथै, कृषि उपज बिक्री कक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**पशुपन्छी विकास सम्बन्धी नीतिः**

९५. नस्ल सुधार कार्यक्रम संचालन गरी दुध उत्पादनमा जोड दिई वजारीकरणको व्यवस्था गरीने छ ।

९६. पशु साना पकेट तथा व्यवसायिक कृषकहरुलाई घाँस विउ, खोरको लागि अनुदानको व्यवस्था मिलाई कृषकको मागको आधारमा कार्यक्रम निरन्तरता दिईने छ ।

९७. गाउँपालिका भित्र उत्पादन गरिएको दुधलाई दुग्ध संकलन केन्द्रको स्थापना गरि बजारीकरणमा थप टेवा पुर्याईनेछ ।

९८. कृषि एवम् पशुजन्य व्यवसायमा लागेका उद्यमीहरुलाई आवश्यकताको आधारमा निरन्तर सहयोग गरिनेछ ।

९९. कृषकको माग अनुसार हरेक वडामा कृषि तथा पशुपन्छी पालन सम्बन्धि तालिमहरु संचालन गरिनेछ।

१००. पशु सेवा कार्यालयसँग समन्यव गरेर खोप कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

१०१. पशुपन्छीलाई आवश्यक पर्ने औसधीहरु खरिद गरी गाउँपालिकाबाट आवश्यकताको आधारमा वितरण गरिनेछ ।

१०२. वडा न.१ देखि ६ सम्म पशु स्वास्थ्य शिविर संचालन गरिनेछ । तथा पशुपन्छीमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

१०३. कृतिम गर्भाधान मिसन कार्यक्रमलाई संचालनमा ल्याईनेछ ।

१०४. बाख्रा प्रबर्धन कार्यक्रम संचालन गरिनेछ ।

**न्यायिक सम्बन्धी नितिः**

१०५. न्यायिक समितिको अधिकारक्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रवन्ध मिलाईनेछ।

१०६. न्यायिक समितिको अधिकारक्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी, पारदर्शी र समयमै न्याय सम्पादन गर्न आवश्यक निति तथा कानूनहरुको प्रवन्ध मिलाईनेछ।

१०७. “कानूनको अज्ञानता क्षम्य हुने छैन” (Ignorance of law is no excuse) भन्ने नाराका साथ कानूनी सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०८. न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरुका लागि सम्बन्धित विषयको विषयगत ज्ञान र क्षमता विकास कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

१०९. सबै वडाहरुमा मेलमिलापकेन्द्रहरुको उचित व्यवस्थापन गरिनेछ। साथै मेलमिलाप केन्द्रहरुको अनुगमन गर्ने कार्यहरुलाई प्रभावकारी बनाइनेछ।

११०. न्यायिक समितिका मेलमिलापकर्ताहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१११. गरीब, असाहाय तथा पिछडिएका व्यक्तिहरुलाई निःशुल्क कानूनी परामर्श र सहयोग उपलब्ध गराइनेछ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी नीति**

११२. लैङ्गिक विभेद तथा लैङ्गिक हिंसाको अन्त्य गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

११३. त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ बाल संरक्षण अक्षय कोष स्थापना गरी सोही अन्तर्गत लाभग्राहीहरुलाई पालनपोषण, शिक्षा, स्वास्थ्य र संरक्षणको लागि आर्थिक सहयोग अन्तर्गत सामाजिक सुरक्षा (संरक्षण भत्ता) मा समावेश गरिनेछ ।

११४. सडक बालबालिका मुक्त पालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ ।

११५. बालविवाह, बालश्रम र बहुविवाह विरुद्ध कार्यक्रमहरु बाल क्लव, बाल सञ्जाल, बाल संरक्षण समिति, वडा कार्यालय र गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिनेछ ।

११६. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम स्वास्थ्य परीक्षण शिविर तथा अन्तरपुस्ता आदानप्रदान कार्यक्रम र उपाध्यक्ष ज्येष्ठ नागरिक भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा जोखिममा रहेका बालबालिकाको तथ्याङ्क अद्यावधिक गरी सोही अन्तर्गतका कार्यक्रम सञ्चालन गरिनेछ ।

**अन्त्यमा,**

त्रिपुरासुन्दरी गाउँपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट गाउँपालिकालाई समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक गाउँपालिका बनाउने हाम्रो दृढ संङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँपालिका वासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन सम्पुर्ण जनप्रतिनिधि, नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, टोल विकास समिति, निजी क्षेत्र, गाउँपालिका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

**धन्यवाद**

भक्तध्वज बोहरा
अध्यक्ष
त्रिपुरासुन्दरी गाउँपालिका

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

२०८३ असार १० गते बुधबार

नेपालल संवत ११४६, तछलाथ्व

***